प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/११
(बेलुका ५:०० बजे)

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

### ❖ संक्रमितको खोजी र फलो-अप कार्यः

हाल बागमती प्रदेशमा संक्रमितको खोजी र फलो-अपको लागि १७८ वटा टोलीले कार्य गरिरहेको छ । प्रत्येक टोलीमा ३ जना स्वास्थ्यकर्मीहरु रहेका छन् जसअनुसार काठमाण्डौमा ३२, काभ्रेपलान्चोकमा १९, धादिङमा १६, चितवनमा १५, सिन्धुपाल्चोकमा १४, ललितपुरमा १३, मकवानपुरमा १३, नुवाकोटमा १२, दोलखामा ११, सिन्धुलीमा ९, भक्तपुरमा ८, रामेछापमा ८, रसुवामा ५ र प्रदेश निर्देशनालयलमा ३ वटा टोलीले कार्य गरिरहेका छन्।

### ❖ आइसीयु बेड र भेन्टिलेटर व्यवस्थापनः

यस प्रदेशका विभिन्न जिल्लामा हाल ४३५ वटा आइसीयु बेड र १९८ वटा भेन्टिलेटर तयारी अवस्थामा रहेको छ जसअनुसार आइसीयु बेड र भेन्टिलेटरको संख्या क्रमशः काठमाडौंमा १२० र ६०, ललितपुरमा १०२ र ६८, भक्तपुरमा २० र १२, चितवनमा १७६ र ४९, सिन्धुलीमा २ र ३, काभ्रेपलान्चोकमा १५ र ५ तयारी अवस्थामा रहेको छ भने नुवाकोटमा ५ आइसीयु बेड र ३ भेन्टिलेटरहरु संचालन हुने प्रक्रियामा छ ।

### ❖ व्यवहार परिवर्तन संचारः

कोभिड-१९ रोकथाम, नियन्त्रण उपचार सम्बन्धमा विभिन्न संचार माध्यमबाट देशभरि व्यवहार परिवर्तन संचार, संक्रमितहरुलाई गरिने भेदभाव न्यूनीकरण उपायबारे संचार र घरमा आइसोलेसन बस्नेको लागि मापदण्डको बारेमा जानकारी दिने गरिएको छ ।

## ❖ कोभिड-१९को तुलनात्मक विवरणः

- ❖ हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब छत्तीस प्रतिशत (३६.२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ । माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ।
- ❖ यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ७३३९४ (१००%) | २६५७२ (१००%) |
| निको भएको | ५३८९८ (७३.४%) | १५२०३ (५७.१%)* |
| उपचाररत | १९०१९ (२५.९%) | ११११७५(४२.१%)* |
| मृत्यु भएको | ४७७(०.६%) | १७९(०.६%)* |
| श्रोत: | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/११ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/११ |

## ❖ गत २४ घण्टामा जिल्लाअनुसार RT-PCR परिक्षण नतिजाको विवरण:

यस प्रदेशमा आज काठमाण्डौमा ६३५, ललितपुरमा १०४, भक्तपुरमा ७३, मकवानपुरमा २०, सिन्धुलीमा २, चितवनमा ८३, धादिङमा १, रामेछापमा ४, काभ्रेपलान्चोकमा १, सिन्धुपाल्चोकमा ३ र नुवाकोटमा ३, रसुवामा १, दोलखामा १ गरी जम्मा ९३१ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ गत २४ घण्टामा भएको निधनको विवरण:

सातदोबाटो, ललितपुर निवासी ४२ वर्षिय पुरुषलाई कोभिड संक्रमण र स्वासप्रस्वासमा समस्या आइ असोज ५ गते वयोधा अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ५ गते निधन भएको छ। त्यस्तै काठमाण्डौ निवासी ५० वर्षिय महिलालाई कोभिड संक्रमणका कारणले भाद्र ३० गते त्री.बी टिचिंग अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ११ गते निधन भएको छ । उहाँको भाद्र ३० गते कोभिड-१९ पुष्टि भएको थियो।

ओमबहाल न्युरोड, काठमाडौं निवासी ६२ वर्षिय पुरुषलाई भाद्र २६ गते ग्रांडी अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ६गते निधन भएको छ । उहाँको भाद्र २९ गते कोभिड-१९ पुष्टि भएको थियो । धोबिघाट, ललितपुर ७७ वर्षिय पुरुषलाई भाद्र ३० गते ग्रांडी अस्पतालमा उपचारको क्रममा असोज १० गते निधन भएको छ । उहाँलाइ उच्च रक्तचाप र चिनीरोग थियो। उहाँको असोज ९ गते कोभिड-१९ पुष्टि भएको थियो । खुसिबु, काठमाण्डौका ६१ वर्षिय पुरुषलाई कोभिड भई होम आइसोलेसनमा बसेको क्रममा असोज ९ गते निधन भएको छ । उहाँको असोज १० गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण:

हालसम्म बागमती प्रदेशमा ८२८६ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल ५३१ जना बसिरहनुभएको छ भने १५८१ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ३२६३ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३६६५ जना (होम आइसोलेसन सहित) बसिरहनुभएको छ । आजको मितीसम्मको विवरण अनुसार यस प्रदेशमा ८८४७९ जनाको पिसिआर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइ नमारहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ६३५ | १७४८५ |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | १०४ | २१०२ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ८८ | १०७६८ | ७३ | १९२३ |
| रसुवा | २५५ | १७ | ६० | ३५ | १ | ९१७ | १ | २१ |
| नुवाकोट | ५६४ | ६० | ८ | ४० | १८ | ४४९१ | ३ | १६४ |
| धादिङ | ३१५ | ० | १८ | १३७ | ५३ | ३२९५ | १ | ४३१ |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३ | १५७७९ | ८३ | २०१८ |
| सिन्धुली | ३९२ | २८ | ७० | ४३ | १७ | २८४४ | २ | १३६ |
| मकवानपुर | ४०७ | २८ | ४ | ३०० | १०५ | ९६६६ | २० | १३४५ |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १४७९ | ४ | १६१ |
| दोलखा | १९३ | १६ | ३१ | ४४ | १ | २११९ | १ | १२९ |
| काभ्रेपलान्चोक | ८९० | ६५ | १५९ | १७८ | ४१ | ४४८५ | १ | ५०१ |
| सिन्धुपाल्चोक | ७८९ | ५८ | १०१ | ५६ | ४ | ३८१३ | ३ | १५६ |
| जम्मा | ८२८६ | ५३१ | १५८१ | ३२६३ | ३६६५ | ८८४७९ | ९३१ | २६५७२ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

#संक्रमितको संख्या दोहोरिएकोमा सच्याइएको

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर.  परीक्षणको विवरण


प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २४४०३ | २५५ | १८४ | ३९ जना : सिन्धुली-२, मकवानपुर-१९,भक्तपुर-१,दोलखा-१,काठमाडौं-२,रामेछाप-३,कभ्रपलान्चोक-१,रुपन्देही-१,दैलेख-१,दार्चुला-१,गुल्मी-१,कंचनपुर-१,लम्जुंग-१,पर्सा-१,पर्सगादी-१,सर्लाही-१,सुर्खेत-१,ताप्लेजुंग-१ | ११२ | |
| धुलिखेल स्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ५४५६ | ६३ | ६१ | ७<br>कभ्रपलान्चोक | ५४ | |

धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/११

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुहअनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा २१-५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतका केहि सप्ताह भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/११

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई